# बजेट तथा कार्यक्रम

# आ.व.२०८२/०८३

सिम्ता गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

राकम, सुर्खेत

# गाउँ सभाको १७ औं बजेट अधिवेशनमा

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा गाउँ कार्यपालिकाका उपाध्यक्ष

श्री गोमा शर्मा (रेग्मी)ज्यूले प्रस्तुत गर्नुभएको

## आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

## सिम्ता गाउँपालिका

## राकम, सुर्खेत

# गाउँ सभाको १७ औं अधिवेशनमा

## बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा गाउँ कार्यपालिकाका उपाध्यक्ष श्री गोमा शर्मा (रेग्मी) ज्यले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

**गाउँसभाका आदरणीय अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यहरू, सभाका सचिव, उपस्थित कर्मचारीहरु, सुरक्षाकर्मीहरु तथा पत्रकारहरू एवम् सम्पूर्ण महानुभावहरू,**

नेपालको संविधान धारा २३० बमोजिम गाउँसभाको १७ औं अधिवेशनमा आर्थिक वर्ष २०८२।०८३ को राजश्वको अनुमान र व्ययसहितको बजेट पेश गर्न पाउँदा गौरव महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा नेपालको राजनितिक एवं शासन व्यवस्था परिवर्तन गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु साथै सिम्ताली सहिदहरू स्वर्गीय ऋषि प्रसाद शर्मा र स्वर्गीय इन्द्र बि.सी. प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रहित, राष्ट्रिय सार्भभौमिकता, भौगोलिक अखण्डता, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग–बलिदान र विभिन्न जनजीविकाका आन्दोलनहरूको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् बेपत्ता र पीडित नागरीकहरू प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई संवैधानिक रुपमा सार्वभौम अधिकारको प्रत्याभूती गरेको छ। सिमित स्रोत साधनको व्यवस्थापन गर्दै जनताका विकासका अपेक्षाहरू सम्बोधन गरी सामाजिक न्याय प्राप्ती गर्नुपर्ने चूनौती गाउँपालिकामा रहेको छ ।

नेपालको संविधान, पन्ध्रौ योजनाको लक्ष्य तथा उद्देश्य, दिगो विकासका लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गर्दै समय समयमा प्राप्त महत्वपूर्ण सुझाव, सल्लाह दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरीक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत सकारात्मक तथा रचनात्मक भूमिका निर्वाह गर्न अपिल समेत गर्दछु।

१. आगामी आर्थिक वर्ष २०८२।८३ को बजेट तर्जुमा गर्दा मैले मूलत नेपालको संविधान र कानुनहरू, सिम्ता गाउँपालिकाको आवधिक योजना क्षेत्रगत, गुरूयोजना, विनियोजन विधेयक, २०८२ सिद्धान्त र प्राथमिकता, आकृष्ट हुने विविध कानुनहरू, समानुपातिक समावेशी सिद्धान्त तथा गाउँ कार्यपालिकाका निर्णयहरूलाई मुख्य आधार बनाएको छु ।
२. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । कार्यान्वयन योग्यता, विकासको आवश्यकता, नागरीकका अपेक्षा र विषयविज्ञहरूको सुझावलाई मध्यनजर गर्दै विभिन्न क्षेत्रका सरोकारवाला र बौद्धिक जगतबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावहरूलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु ।

३. पछिल्ला केही समयदेखि शिथिल रहेको नेपालको अर्थतन्त्र सङ्घ र प्रदेश सरकारको निरन्तरको प्रयासबाट केही चलायमान हुन थाले पनि यसले अपेक्षित गति लिन सकेको छैन । यसको प्रभाव गाउँपालिकासम्म परेको छ ।

४. मानव विकास सूचकाङ्क, भौतिक पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी, अवसर, पहुँच र स्रोतबाट पछि परेको कर्णाली प्रदेशको सिम्ता गाउँपालिका विकासमा उत्प्रेरकको भूमिका खेल्ने विश्वास लिएको छु।

५. दिगो विकास लक्ष्यका महान उद्देश्यहरू प्राप्त गर्नका लागि समपूरक तथा परिपूरक भूमिका निर्वाह गर्नुपर्ने दायित्व बोध गरी दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न प्रयत्न गरेको छु । साथै नेपालको राष्ट्रिय आकांक्षा **"समृद्ध नेपालः सुखी नेपाली"** लाई आत्मसाथ गर्दै **"समृद्ध सिम्ताः सुखी सिम्ताली"** का रूपमा स्थानीयकरण गर्न जोड दिदै सिम्ताली जनताको समृद्धि र सुखको लागि विशेष जोड दिई कार्यक्रम तय गरेको छु ।

६. सिम्ता गाउँपालिकाको आन्तरिक स्रोत, नेपाल सरकार, कर्णाली प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँड र साझेदार संस्थाहरूबाट प्राप्त सहलगानीलाई मुल स्रोत मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

**आदरणीय सभाका सदस्यज्यूहरु**

७. उपलब्ध स्रोत र साधनको न्यायोचित वितरण तथा दिगो र समावेशी विकास मार्फत आर्थिक, सामाजिक असमानताको अन्त्य गर्दै सामाजवाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने संघ तथा प्रदेशको सिद्धान्तमा ऐक्यबद्धता रहने गरी आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका उदेश्य तथा प्राथमिकता निर्धारण गरीएको छ ।

<u>बजेटका उद्देश्यहरू</u>

क. उपलब्ध साधन स्रोत र क्षमताको आदर्शतम् प्रयोग मार्फत **"समृद्ध सिम्ताः सुखी सिम्ताली"** सर्वाङ्गीण विकासलाई निरन्तरता दिने,

ख. लोकतन्त्रका लाभहरूको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्दै लोककल्याणकारी भूमिकालाई प्रभावकारी बनाउँदै लैजाने,

ग. सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने,

घ. स्थानीय नेतृत्वको विकास र सेवा प्रवाहमा सरल, सहज र समावेशी पहुँच सुनिश्चित गर्ने,

ङ. स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने ।

च. पूर्वाधार तथा आर्थिक विकास गरी समृद्ध गाउँपालिका निर्माण गर्ने,

छ. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने,

ज. शैक्षिक क्षेत्रको गुणस्तरलाई अभिवृद्धि गर्ने,

झ. कृषिको विकासको लागि रणनीति योजनाका साथ कार्य गर्ने,

ञ. गाउँपालिकाको शासकीय पद्धतिमा सुधार गरी आम नागरीकलाई सुशासनको अनुभूती गराउने।

८. आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरू हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

क. गाउँपालिकाका गौरवका आयोजनाहरूको निरन्तरता,

ख. अधुरो आयोजनाहरूको कार्यान्वयन,

ग. सडक तथा पुल (झोलुङ्गे पुल समेत) सिंचाई, भवन तथा शहरी विकास, उर्जा, विद्युतिकरण र सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास,

घ. कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास,

ङ. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,

च. नागरीकहरुको स्वास्थ्य सुरक्षाको प्रत्याभूतिको लागि औषधि उपकरण लगायत स्वास्थ्य सेवाको विस्तार, ल्याव स्थापना, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्वास्थ्य जनशक्तिको क्षमता विकास,

छ. विपन्न नागरीक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन,

ज. वन संरक्षण, वातावरण व्यवस्थापन तथा विपदमा राहत उद्धार र प्रतिकार्य,

झ. विकास साझेदार संस्थाहरूसँग सहकार्य,

ञ. सुशासन तथा संस्थागत विकास आदि ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

**अब म चालु आर्थिक वर्ष २०८१/८२ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्दछु ।**

९. आर्थिक वर्ष २०८१।०८२ का लागि नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत प्राप्त अनुमानित रु.१० करोड ५ लाख, राजश्व बाँडफाडबाट रु. ११ करोड ११ लाख ४२ हजार, शसर्त अनुदान चालु तर्फ २६ करोड ६१ लाख १४ हजार, सशर्त अनुदान पुँजीगत १० लाख, विशेष अनुदान ९५ लाख प्राप्त भएको थियो भने समपुरक अनुदान  लाख र प्रदेश सरकारबाट विनियोजित समानीकरण अनुदान १ करोड १३ लाख ४७ हजार, सशर्त अनुदान चालु २६ लाख २६ हजार, सशर्त पूँजीगत २ करोड २० लाख, विशेष १ करोड तथा समपुरक अनुदान १ करोड २९ लाख ९० हजार, राजश्व बाँडफाँड १८ लाख ६६ हजार , गाउँपालिकाको अनुमानित आन्तरिक राजश्व र गत वर्षको बाँकी मौज्दात अनुमानित जम्मा रु.२ करोड २१ लाख ५७ हजार  विनियोजन गरीएको थियो । जसमध्ये चालु तर्फ रु.४२ करोड ६० लाख ३२ हजार रुपयाँ र पूंजिगत तर्फ १४ करोड ५२ लाख १० हजार रहेको थियो जसमध्ये ८७ प्रतिशत चालु तथा ५५.३४ प्रतिशत पुँजीगत खर्च भएको छ ।

१०.यस आर्थिक वर्षमा समानिकरण अनुदानको करिव २९% अर्थात २ करोड ९१ लाख ४५ हजार रुपयाँ रकम अझै निकास हुन सकेको छैन । जसले गर्दा विकास तथा पूँजिगत खर्च गर्न सकिएको छैन भने कतिपय योजनाहरु अलपत्र जाने अवस्था रहेका छन ।

११. चालु आर्थिक वर्षमा रु. ८२ लाख राजश्व सङ्कलन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षमा हालसम्म अनुमानित आन्तरिक आयको प्रक्षेपण अनुरुपको ८५% राजश्व संकलन भइसकेको छ । आगामी आ.व. को लागि कुन अनुमानमा १८% थप वृद्धिको अपेक्षा गरीएको छ ।

१२. आर्थिक वर्ष २०८१/८२ को आय र व्ययको यथार्थ विवरण, आर्थिक वर्ष २०८१/८२ को आय व्ययको संशोधित अनुमान तथा खर्चको विवरण र आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय व्ययको विवरण अनुसूचीहरूमा उल्लेख गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०८२/८३ को आय विवरण प्रस्तुत गर्दछु ।**

१. आर्थिक वर्ष २०८२।०८३ का लागि नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापतबाट प्राप्त हुने अनुमानित रु. १० करोड ६१ लाख, राजश्व बाँडफाडको शिर्षकबाट १० करोड ८२ लाख ७२ हजार, शसर्त अनुदान (चालुतर्फ) २७ करोड ६४ लाख, सशर्त अनुदान(पुँजीगत) बाट ३ करोड २८ लाख, विशेष अनुदान १ करोड, समपुरक अनुदान ७० लाख गरी संघीय सरकारबाट रु. ५४ करोड ५ लाख ७२ हजार रुपयाँ प्राप्त भएको अनुमान छ

२. प्रदेश सरकारबाट विनियोजित समानीकरण अनुदान १ करोड ३३ लाख २२ हजार, सशर्त अनुदान(चालु) २१ लाख ३६ हजार, सशर्त अनुदान(पूँजीगत) २ करोड २० लाख, विशेष अनुदान तथा समपुरक अनुदान प्राप्त नभएको, राजश्व बाँडफाँड २१ लाख ७५ हजार गरी जम्मा रु.३ करोड ७४ लाख ५८ हजार रुपयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

३. गाउँपालिकाको अनुमानित आन्तरिक राजश्व १ करोड र गत वर्षको बाँकी मौज्दात अनुमानित २ करोड ९४ लाख ८९ हजार गरी जम्मा रु. ६१ करोड ७५ लाख १९ हजार रुपैया अनुमानित बजेट विनियोजित गरिएको छ ।

४. यस वाहेक विभिन्न विकास साझेदार दातृ निकायहरुबाट **पूर्वाधार विकास सहयोग कार्यक्रम र खानेपानी तथा सरसफाई, जलवायु परिवर्तन लगायतको** क्षेत्रमा भएको सहलगानीमा चालु आर्थिक वर्षमा प्राप्त बजेट अनुसार नै आगामी आ.व. २०८२।०८३ को लागि आय अनुमानको अपेक्षा गरिएको छ ।

५. आन्तरिक आम्दानीलाई वृद्धि गर्न स्थानीय करका केही दायर र दर वृद्धि आन्तरिक आम्दानी करिव १ करोडको अनुमान गरीएको छ ।

**आदरणीय अध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चहान्छु।**

६. आर्थिक समृद्धि, सामाजिक न्याय, गरीबी निवारण, रोजगारी सृजना र उद्यमशीलताको विकास गरी **समृद्ध सिम्ताः सुखी सिम्ताली**को दीर्घकालीन सोच कार्यान्वयन गर्न आगामी वर्षको बजेट केन्द्रित हुनेछ।

७. गरीबी, बेरोजगारी, न्यून उत्पादन र उत्पादकत्व, कमजोर र अपर्याप्त पूर्वाधार, परनिर्भरता र पछौटेपन जस्ता दुष्चक्रलाई दिगो रुपमा तोड्न सघाउ पुग्ने गरी बजेट तथा कार्यक्रमहरू निर्माण गर्ने प्रयास गरेको छु।

८. सङ्घीय सरकार, प्रदेश सरकार र साझेदी दातृ निकाय तथा निजी क्षेत्र समेतको सहयोग र सहभागितामा सिम्ताको आर्थिक क्रियाकलाप तथा व्यावसायिक गतिविधिहरूमा विस्तार गरी गाउँपालिकाको अर्थतन्त्रलाई चलायमान गराइ समग्र विकास र समृद्धिमा टेवा पुर्‍याउने अवधारणाबाट बजेट निर्माण गरेको छु।

९. सर्वप्रथम त हामीलाई आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका समपुरक, विशेष तथा अनुदानका केही योजनाहरु देहाय अनुसार रहेका जानकारी गराउन चहान्छु।

क. आग्रीगाउँ स्वास्थ्य चौकी भवन निर्माणका लागि १ करोड

ख. आ.वि.लिपीचौर ४ कोठे भवन निर्माणको लागि ७० लाख

ग. खनेटा सडक देखि सालखोला हुदै खम्मटोल सम्म सडक निर्माण रु २५ लाख

घ. चोल्पा दुनी सडक स्तरोन्नति रु २५ लाख

ङ. विभिन्न झोलेङ्गे पुल निर्माण रु.२५ लाख

१०. आगामी आ.व.को लागि अनुमानित बजेट चालु तर्फ रु.५२ करोड ६ लाख ८३ हजार र पुजीगत तर्फ ९ करोड ६८ लाख ३६ हजार गरी जम्मा बजेट रु. ६१ करोड ७५ लाख १९ हजार को हुनेछ । उक्त बजेटलाई तपसिल अनुसार हुनेगरी विनियोजन गरेको छु ।

<u>तपसिल</u>

क. संघीय शसर्त रकम रु. ३० करोड ९२ लाख, बिशेष अनुदान १ करोड, समपुरक अनुदान ७० लाख गरी ३२ करोड ६२ लाख रुपैया साथै प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदानको रकम रु. २ करोड ४१ लाख ३६ हजार गरी जम्मा ३५ करोड ३ लाख ३६ हजार तोकिएको निश्चित शिर्षकमा खर्चहुने गरी यथावत कायम गरेको छु ।

ख. कार्यालय सञ्चालन, व्यवस्थापन, कर्मचारी तथा पदाधिकारी सेवासुविधा लगायत प्रशासनिक क्षेत्र व्यवस्थापनको लागि रु.११ करोड ८९ लाख ४८ हजार विनियोजन गरेको छु ।

ग. विभिन्न साझेदारी अन्तर्गतका कार्यक्रमहरु जस्तै समपुरक तर्फ ७० लाख, हेल्भेटासको एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमा तर्फ रु.५० लाख, हेल्भेटासको हेलो धारा तर्फ रु.२५ लाख, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम साझेदारी रु.१ करोड ७० लाख, फियान नेपाल साझेदारी रु.१८लाख, कृषि एम्वुलेन्स खरिद साझेदारी रु.१५ लाख, INF साझेदारी रु.४ लाख, WFP साझेदारी रु. १५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी रु. ३३ लाख गरी जम्मा रु. ४ करोड विनियोजन गरेको छु ।

घ. वडागत बजेट विनियोजनको लागि निश्चित मापदण्डको आधारमा बजेट विनियोजन गर्ने परिपाटीलाई निरन्तरता दिदै देहाय अनुसार विनियोजन गरेको छु ।

वडा नं. १ रु.३४ लाख, वडा नं. २ रु.३० लाख, वडा नं. ३ रु.३१ लाख, वडा नं. ४ रु.३० लाख, वडा नं. ५ रु.३० लाख, वडा नं. ६ रु.३३ लाख, वडा नं. ७ रु.३३ लाख, वडा नं. ८ रु.३० लाख, वडा नं. ९ रु.३४ लाख गरी जम्मा रु.२ करोड ८५ लाख विनियोजन गरेको छु ।

ङ. विषयगत शाखाहरुलाई प्रगतिको आधारमा देहाय अनुसार विनियोजन गरेको छु ।

शिक्षा, युवा तथा खेलकुद शाखा रु.३ करोड ३८ लाख, स्वास्थ्य शाखा रु.१ करोड ४० लाख, कृषि विकास शाखा रु.२८ लाख, महिला तथा बालबालिका रु.२७ लाख ३५ हजार, पशुपन्छी विकास शाखा रु.२५ लाख, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा रु.११ लाख, न्यायिक समिति रु.१०

लाख, उद्यम तथा सहकारी शाखा रु.१० लाख, आयुर्वेद शाखा रु.६ लाख, राजश्व शाखा रु.५ लाख, रोजगार सेवा केन्द्र रु.५ लाख गरी जम्मा रु.६ करोड ५ लाख ३५ हजार विनियोजन गरेको छु ।

च. पालिकास्तरबाट विनियोजन गरिएका विभिन्न शिर्षकमा रु.१ करोड ९७ लाख विनियोजन गरेको छु।

११.**समृद्ध सिम्ताः सुखी सिम्ताली**को सोचलाई मुर्तरुप दिन गाउँपालिकाका **गौरवका योजनाहरुमा** पूर्वाधार विकास कार्यक्रम (LISP) को साझेदारीमा सञ्चालन हुने गरी तपसिल बमोजिमका योजनाहरुलाई आवश्यक बजेट व्यवस्था गरेको छु ।

तपसिल

क) कालीखोला देखि आधारभूत अस्पतासम्म सडक स्तरोन्नती रु.१ करोड

ख) आ.वि.पातिहाल्ना देखि आधारभूत अस्पतालसम्म सडक स्तरोन्ती रु.१करोड

ग) खनेटा लामीडाँडा जुगईखोला ऋषि चक्रपथ सडक निर्माण रु.१ करोड

घ) सिर्पा काफलकोट नाँहागाउँ सडक स्तरोन्नति रु.१ करोड

ङ) औलझ्यामा सिंचाई कुलो निर्माण रु.२१ लाख

**आर्थिक विकास क्षेत्र**

**कृषि, खाद्यान्न तथा पशुपंछि**

१२. **"कृषिमा अभिवृद्धिः सिम्ताको समृद्धि"** भन्ने मूल नाराका साथ कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छु। कृषि रणनीतिक योजना अध्ययन, अनुसन्धान तथा विकास र भूमीको बर्गिकरण तथा सीमाङ्कनको व्यवस्था मिलाईनेछ ।

१३. आँप, स्याउँ तथा ओखर बाली पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिएको छु। विशेष गरी उन्नत जातको **वृहत फलफुल खेति कार्यक्रमका** लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

१४. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१५. **"स्थानीय उत्पादन र उद्यममा वृद्धिः यसैमा छ समृद्धि"** नारालाई आत्मसाथ गर्दै कृषिमा आत्मनिर्भर बनाउन तरकारी उत्पादन प्रवर्द्धन कार्यक्रम उन्नत बिउबिजन, मलखादको व्यवस्था तथा सिँचाईको प्रबन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको लागि बजेटको व्यवस्था मिलाएको छु ।

१६. कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकिनुका साथै भण्डारण सम्बन्धी पुर्वाधार निर्माण गरीनुका साथै उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१७. अनुकुल बाली लगाउनको लागि माटो परीक्षण गर्ने अभियानलाई पाइलट प्रोजेक्टका रुपमा अगाडि बढाइने तथा कृषि व्यावसाय दर्ता गरी सञ्चालन गर्ने परिपाटीलाई प्रभावकारी बनाइनेछ ।

१८. गाउँपालिकालाई कृषितर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) लाई निरन्तरता दिने व्यवस्था गरेको छु ।

१९. परम्परागत पशुपालनलाई व्यवसायीकरण गर्नको लागि प्रोत्साहन गरीने छ । वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई युवा लक्षित साझेदारी व्यावसायिक पशुपालनमा प्रोत्साहन गरीने छ ।

२०. गाउँपालिकाभित्र अकस्मात विरामी हुने पशु पशुपंछिहरुको उपचारको लागि आवश्यक औषधि र पशु प्राविधिकहरु परिचालन गरीनेछ ।

२१. गाउँपालिका क्षेत्रभित्र छाडा पशु चौपायालाई नियन्त्रण कार्यलाई अझ वढी व्यवस्थित गरिनेछ।

२२. पशु आहार तथा स्वास्थ्य सुधारका लागि प्रोवायोटिक तथा घाँसको वीउ/विरुवा वितरण कार्यकम सञ्चालन गरीनेछ ।

२३. स्थानीय कृषि तथा हाट बजार मेला सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

२४. युवा कृषक तथा पशुपंछि पालक कृषकहरुसंगको सहलगानीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेकोछु ।

२५. निःशुल्क पशु औषधि वितरण र पशु स्वास्थ्य शिविरका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. पशुपन्छी आदिबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस लम्पीस्किन आदि विभिन्न सरुवा रोग सम्बन्धी रोकथाम तथा नियन्त्रणका लागि पशुस्वास्थ्य शिविर तथा सचेतना कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सिंचाई**

२७. कृषि योग्य जमिनको पहिचान गरी सिचाई कुलो निर्माण गर्न साना तथा ठुला खोलानालाहरुको पानी संरक्षण गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

**पर्यटन तथा संस्कृति**

२८. **"पर्यटन र संस्कृतिः सिम्ताको समुन्नती"** मुल नाराका साथ धर्म कला सस्कृती साहित्य प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. **पर्यटकीय गन्तव्य, पदमार्ग, होमस्टे** लगायतका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका कार्यक्रमलाई प्राथमिकतामा राखि संघ तथा प्रदेशसंग आवश्यक संरक्षणको व्यवस्था मिलाईने छ ।

३०. परम्परागत संस्कार तथा कला संस्कृति र ऐतिहासिक पुरतात्वतिकको संरक्षण तथा पर्वद्धन गर्न विस्तृत अध्ययन गरीनेछ ।

**उद्योग व्यापार तथा व्यवसाय**

३१. लघुउद्यम विकास कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३२. **"हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर"** भन्ने नारालाई साकार पार्न कर सचेतना कार्यक्रम सञ्चालन गरीनेछ ।

३३. स्थानीय उद्योग वाणिज्य संघ र गाउँपालिकाको समन्वयमा बजार तथा फोहोरमैला व्यवस्थापनका लागि आवश्यक फोहोरका कन्टेनर तथा वृक्षारोपन कार्यक्रम सञ्चालन गरी बजार क्षेत्रलाई सफा, सुन्दर र हरियाली बनाउन अभियानका रुपमा काम गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

३४. **सिम्ता औद्योगिक ग्राम निर्माण** कार्यलाई निरन्तरता दिन आवश्यक पहलकदमी लिइनेछ ।

३५. **तामाखानी, फलाम खानी उत्खनन्का** लागि खानी बिभागसँग समन्वयमा विस्तृत अध्ययन गरीनेछ ।

**भुमी व्यवस्था, सहकारी तथा वित्तिय व्यवस्थापन**

३६. **अबका सहकारीः उद्यम र उत्पादनमा साझेदारी** भन्ने नाराका साथ सबै सहकारीहरूलाई साझेदारी तथा क्षमता अभिवृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३७. स्थानीय रैथाने उत्पादनलाई आय आर्जनसंग जोडी नवपर्वद्धनात्मक कार्यलाई बढवा दिन उपयुक्त स्थानमा कोशेलीघर सञ्चालन गर्न प्रारम्भिक कार्य गरिनेछ ।

३८. सहकारीः **सहलगानी** सहकारी क्षेत्रको नियमन र पुँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तीय उत्प्रेरणाका रुपमा विकास गर्न व्यवस्था मिलाएको छ ।

३९. भुमी वर्गिकरण गर्न तयार भएको भु उपयोग नीतिलाई कार्यान्वयनमा लगिनेछ ।

**रोजगार प्रवर्द्धन तथा गरीवी न्यूनीकरण**

४०. **"श्रम विना समृद्धि छैनः विना श्रम बस्ने हैन"** भन्ने मुल मन्त्रकासाथ **प्रधानमन्त्री रोजगार कार्यक्रम,** सतप्रतिशत साझेदारी रकम विनियोजन गरीएको छ ।

४१. **मुख्यमन्त्री रोजगार कार्यक्रम लाई** आवश्यक रकम विनियोजन गरीएको छ ।

४२. सबै विषयगत क्षेत्रमा योजना निर्माण गर्दा रोजगारी प्रवर्द्धन तथा गरीवी न्यूनीकरण हुने गरी निर्माण गरीनेछ ।

४३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रहने रोजगार सेवा केन्द्र मा कार्यरत रोजगार सहायक र प्राविधिक सहायकको लागि प्राप्त हुने सेवा सुविधा यस आ.व. देखि संघीय सरकारबाट प्राप्त नहुने जानकारी प्राप्त भएकोले यस पालिकाबाट सो पदहरु निरन्तरता दिन नसकिने अवस्था रहेको छ ।

<u>सामाजिक विकास क्षेत्र</u>

शिक्षा, कला, भाषा र साहित्य

४४. **"सिम्ता गाउँपालिकाको आधारः गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार"** अभियानलाई सफल बनाउन कम्तिमा ५ वटा तोकिएको मापदण्डका आधारमा विद्यालय भवन निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरीएको छ ।

४५. **सिकौ र सिकाऔ** अभियान कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४६. भानु मावि कृषि प्राविधिक शिक्षालय व्यवस्थापन अनुदान रु.५ लाख व्यवस्था मिलाएको छु ।

४७. सिम्ता बहुमुखी क्याम्पस शैक्षिक अनुदान रु.१० लाख व्यवस्था गरेको छु ।

४८. **"एक शिक्षक एक रुख एक विधार्थी एक फुल कार्यक्रम"** लाई भावनात्मक निरन्तरता दिएकोछु ।

४९. सिम्ता गाउँपालिकाको **स्थानीय पाठ्यक्रम निर्माण** गरी स्थानीय स्तरका कृषि, पशुपालन, पर्यटन, धर्म, संस्कृति, कला साहित्य, भाषा, जातजाति जस्ता क्षेत्रमा आवश्यक ज्ञान, सीप र धारणा प्रदान गर्न पाठ्यपुस्तक निर्माण गर्न आवश्यक व्यवस्था मिलाएको छु।

५०. प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई **दिवा खाजा**को व्यवस्था गरी उनीहरूको विद्यालय छाड्ने दरमा कमी ल्याइन आवश्यक बजेट व्यवस्था गरेकोछु ।

५१. गाउँपालिका अनुदान अन्तर्गत स्वयमसेवक शिक्षक व्यवस्थापनको लागि निरन्तरता दिदै थपकक्षा प्राप्त गरेका र अधिक विद्यार्थी संख्याको आधारमा थप स्वयम सेवक शिक्षक व्यवस्थपान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

५२. प्रारम्भिक शिक्षक तथा कर्मचारीहरुलाई थप अनुदानलाई निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५३. सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरूको महिनावारी चक्रलाई व्यवस्थापन गर्न आवश्यक **सेनिटरी प्याड**को व्यवस्था निरन्तरता दिइनेछ । छात्राहरूलाई महिनावारीको कारणबाट विद्यालय छाड्ने दरमा कमी ल्याउन सेनिटरी प्याड खरिदको लागि आवश्यक बजेट विनियोजन गरीएको छ ।

५४. गाउँपालिकास्तरिय कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५५. विद्यालयस्तरिय बालसञ्जालहरुको क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

५६. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुका लागि क्षमता विकास तालिम तथा प्रोत्साहनको लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

५७. आधारभुत तह कक्षा १ देखि ५ सम्मको विद्यार्थीको सिकाईमा वृद्धि ल्याउन विभिन्न साझेदार निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गरीनेछ ।

५८. विद्यालय कर्मचारी, बालविकास कार्यकर्ता र लेखापालहरुको मासिक जनही रु.१ हजारका दरले खाईपाई आएको तलवमा वृद्धि गरेको छु ।

**युवा, खेलकुद तथा नवपर्वतन**

५९. आगामी आर्थिक वर्षमा **राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगीता**को कार्यक्रम सञ्चालन गर्नको लागि रु.१० लाख रकम व्यवस्था गरेकोछु ।

६०. युवाहरुको लागि नविनतम खोज तथा नवपर्वद्धन कार्यक्रमको लागि आवश्यक व्यवस्था गरिएको छु ।

**स्वास्थ्य र पोषण**

६१. **सुनौलो हजार दिनका आमा**, बच्चा र किशोरीहरूको पोषण स्थितिमा सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमको आवश्यक बजेट विनियोजन गरेको छु ।

६२. स्वास्थ्य क्षेत्रको व्यवस्थापनको लागि (शसर्तका नियमित कार्यक्रम बाहेक) एकमुष्ठ रु.१ करोड ४० लाख विनियोजन गरेको छु ।

६३. वैकल्पिक उपचार पद्धतिको रुपमा आयुर्वेद उपचार सेवालाई विकास गर्नको लागि रु.६ लाख बजेट विनियोजन गरीएको छ ।

६४. परिवार कल्याण कार्यक्रम, महामारी रोग नियन्त्रण कार्य र क्षयरोग लगायतका कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरीएको छ ।

**६५.** यस गाउँपालिकाबाट विगत देखि सञ्चालन गर्दै आएको उपाध्यक्ष कोसेली कार्यक्रमलाई परिमार्जन गरी हजार दिनका सुत्केरी आमाहरुको लागि संघ, प्रदेशसंग समन्वय र गाउँपालिकाको उपाध्यक्ष कोसेली कार्यक्रमको प्रति आमा रु.१२००।(एक हजार दुई सय रुपयाँ) एकमुष्ट सोझै खातामा जाने गरी आवश्यक व्यवस्था मिलाएको छु

६६. स्वास्थ्यकर्मीहरुको बार्षिक कार्यसम्पादन मुल्याङ्कनको आधारमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वंमसेविकाहरुलाई उचित सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु ।

६७. एकिकृत जनरल स्वास्थ्य तथा जेष्ठ नागरीक आँखाको स्क्रिनिङ्ग र मोतिविन्दु शिविर अन्य कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

**खानेपानी तथा सरसफाई**

६८. **“सफा पानीः स्वस्थ जिन्दगानी”** सिम्ता गाउँपालिका बासी सबैको घरदैलोमा खानेपानी पुर्याउने अभियानका साथ **“एक घर एक धारा”** स्वच्छ पिउनेपानी तथा सरसफाई कार्यक्रमका लागि हेल्भेटास नेपालसंग साझेदारीमा योजना सञ्चालन हुने गरी रु.७५ लाख बजेट विनियोजन गरेको छु ।

**महिला, बालवालिका, सामाजिक संरक्षण र समावेशीकरण**

६९. **"हाम्रो समाजः राम्रो समाज"** निर्माण गर्न अभियान, महिला तथा बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७०. **बालमैत्री स्थानीय शासन कार्यक्रम तथा बाल संरक्षण कार्यक्रम** सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

७१. सामाजिक सुरक्षा भत्तालाई बैङ्किङ्ग प्रणालीबाट सर्वसुलभ रुपमा घरदैलोबाटै जेष्ठ नागरीक असक्त असहायहरुको सुविधाको लागि वडा केन्द्रबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिएको छु ।

७२. अपाङ्गता व्यक्तिहरुको सशक्तिकरणको लागि आवश्यक उनीहरुको प्रत्यक्ष सहभागितामा कार्यक्रम तय गरि संचालन गर्ने गरि व्यवस्था मिलाएकोछु ।

७३. सिमान्तकृत वर्ग वादी गाईन दलित र अति विपन्न वर्गको पौराणिक सीप कलाको संरक्षण तथा विकास गर्ने गरि कार्यक्रम संचालन गर्न आवश्यक रकम छुट्याएको छु ।

७४. जेष्ठनागरीकहरुको सम्मान र उहाँहरुको अनुभव नयाँ पुस्तामा आदान प्रदान गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

७५. बालविवाह र महिला हिंसा विरुद्धको कायक्रम संचालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

७६. लैङ्गिक समानता र सामाजिक समावेशिकरण लगायत कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

## पूर्वाधार विकास क्षेत्र

### बस्ती विकास, आवास तथा भवन सडक तथा यातायात

७७. **विगतदेखि अधुरै रहेको एकिकृत बस्ती विकास योजना** तयार गरी सिम्ता गाउँपालिकाको ऐलानी जमिनको अधिकतम उपयोग गर्दै मुख्य राजमार्गको राकम देखि जामुने बजारसम्मको क्षेत्रलाई **पहिचानयुक्त नयाँ शहरको रुप विकास** गर्नका लागि **सम्भाव्यता अध्ययन** कार्य प्रारम्भ गरीनेछ ।

७८. **भवन निर्माण तथा घर नक्सा नियमन सम्वन्धी कार्यविधि** बमोजिम थप प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ।

७९. सहज आवागमनका साथै कृषि तथा उद्योग व्यवसायको लागि वजारको पहुँच पुऱ्याउन अन्य पूर्वाधार विकासको लागि आधारशिला सिर्जना गर्न र उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा उल्लेख्य रुपमा बजेट विनियोजन गरेको छु ।

### जलश्रोत, विद्युत तथा वैकल्पिक स्वच्छ उर्जा

८०. **सिम्ता उज्यालो कार्यक्रम** लाई पूर्णता दिन प्रदेश तथा संघीय सरकारसंगको समन्वय र सहकार्यमा कार्य गरीनेछ ।

८१. वायोग्याँस, बायोमास, सौर्य उर्जा, वाइन्ड मिल लगायतका वैकल्पिक उर्जाको प्रवर्द्धन र प्रयोगको लागि आवश्यक रकम विनियोजन गरीएको छ ।

## सुचना तथा संचार प्रविधि

८२. डिजिटल नेटवर्कलाई प्रभावकारी गराउन सम्वन्धित निकायसंग समन्वय गरी विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरु तथा सरकारी तथा गैरसरकारी क्षेत्रमा व्यापकता ल्याउन आवश्यक पहल गरीनेछ।

८३. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित गराई **डिजिटल स्मार्ट गाउँपालिका** बनाउदै **पेपर लेस सेवा** लाई प्रभावकारी बनाउदै लगिनेछ ।

## वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

### वन तथा वातावरण

८४. गाउँपालिका अन्तरगत रहेका सामुदायिक वनहरूलाई सिम्ताको समृद्धि र विकासको लागि आवश्यक सहकार्य, सहलगानीमा योगदान गर्न आह्वान गरीनेछ । **एक वडा एक वन वाटिक निर्माण गर्ने** अभियानको शुरुवात गरीनेछ ।

८५. खानेपानी, सरसफाई, जलवायु उर्जा तथा वातावरण कार्यक्रम उथानशिल विकास सम्बन्धि तोकीएका क्रियाकलापहरु सञ्चालन गरिनेछ । साथै पालिकाले निर्माण गरेको स्थानीय अनुकुलन कार्य योजना (LAPA) कार्यान्वयन तथा मुलप्रवाहिकरणमा जोड दिईनेछ

### वातावरण संरक्षण तथा फोहरमैला

८६. वातावरण संरक्षण तथा फोहरमैला सुरक्षित व्यवस्थापन गर्नको लागि आवश्यक बजेट विनियोजन गरीएको छ ।

८७. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यक्रम सहलगानीमा सञ्चालन गरीनेछ ।

८८. **विपद् जोखिम व्यवस्थापन कोष सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिको छु ।**

८९. **मर्मत सम्भार कोषमा आवश्यक बजेट विनियोजन गरेको छु ।**

## शुसासन तथा संस्थागत क्षमता विकास

### नीति, कानुन न्याय तथा शुशासन

९०. योजनाहरुको गुणस्तर सुनिश्चित गर्ने नियमित अनुगमन तथा सुपरीवेक्षणका लागि पालिकास्तर र योजना स्तरमा रहने अनुगमन समितिहरुलाई क्रियाशिल बनाउनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

९१. कार्य चापलाई मध्यनजर गरेर उपाध्यक्ष कार्यकक्षको लागि १ जना कार्यालय सहयोगी नियुक्ति गर्ने गरी आवश्यक बजेट व्यवस्था गरेको छु ।

९२. पशुसेवा केन्द्र राकममा कार्यालय सहयोगी व्यवस्थाको लागि पालिमा कार्यरत माली मध्येका दिपा शाही लाई कार्यालय सहयोगी पदमा नियुक्ति गर्न व्यवस्था मिलाएको छु ।

९३. गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही सम्बोधनको आवश्यकता महशुस गरिएका सबै विषयमा आवश्यक कानून निर्माण गर्न र त्यसको कार्यान्वयनका विषयमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

९४. गाँउ कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यालयहरुको प्रशासनलाई सेवाग्राहीमैत्री चुस्तदुरुस्त, छिटोछरितो, मितव्ययी, पारदर्शी, जवाफदेही र निष्पक्ष बनाई सेवाप्रवाहमा सर्वसाधारणको सरल, सहज र समावेशी पँहुच सुनिश्चित गरीनेछ । साथै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ ।

९५. न्यायिक समिति प्रविधिमैत्री बनाउनको लागि साझेदार संस्थासंग सहकार्य गर्नको लागि आवश्यक बजेट विनियोजन गरीएको छ ।

९६. गाउँपालिकाभित्र सदाचारिता, नैतिकता, मितव्ययिता, कुशलता र प्रभावकारिता झल्कने गरी कार्य गर्ने कर्तव्यनिष्ट कर्मचारीलाई गाउँपालिका **उत्कृष्ट कर्मचारी पुरस्कार**बाट सम्मान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

**राजश्व तथा स्रोत परिचालन**

९७. गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसायलाई प्रवर्द्धन गर्न र कर सचेतना कार्यक्रम सञ्चालन गरी करको दरमा केही हेरफर गरी करको दायरा फराकिलो गरेको छु ।

९८. **राजश्व सुधार योजनालाई कार्यान्वयनमा लग्ने व्यवस्था मिलाएको छु ।**

९९. यस गाउँपालिकाको सम्पूर्ण तथ्याङ्कलाई एकिकृत गर्दै विकास र योजनासंग जोडेर कार्यक्रम निर्माण गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१००. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका आवश्यक स्रोत खोजी गरी करको दर भन्दा दायरा अभिवृद्धिमा जोड दिइनेछ । सम्पूर्ण वडा कार्यालयहरू मार्फत कर चुहावटलाई न्यूनीकरण गर्न आवश्यक कार्य गरीनेछ । राजश्व प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग गरीनेछ। सम्पूर्ण वडा कार्यालयहरू तथा सम्पूर्ण विषयगत शाखा/इकाई वा निकायहरुको राजश्वको क्षमताको मूल्याङ्कन गरीनेछ । राजश्वको क्षमता तथा असुलीको अवस्था समेतको अनुपातको विश्लेषणको आधारमा वडा समिति र अन्य विषयगत शाखाहरुलाई बजेट विनियोजन गर्ने कार्यको सुरुवात गरीनेछ । आर्थिक वर्ष २०८२।८३ को लागि प्रस्तावित कर तथा राजश्वका दरहरू केही परिमार्जन सहित विनियोजन विद्येयकमा प्रस्ताव गरेको छु ।

अन्त्यमा, चालु आ.व. २०८१।८२ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन र आगामी आर्थिक वर्ष २०८२।८३ को बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, घाइते तथा सहिद परिवार, शिक्षक, बुद्धिजीवी, आम नागरीक, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**

मितिः २०८२ असार १० गते

**गोमा शर्मा (रेग्मी)**
उपाध्यक्ष
सिम्ता गाउँपालिका, राकम, सुर्खेत